नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना व्यवस्थापन इकाई
खुमलटार, ललितपुर

फोन नं.: ०१-५५२०३४६
०१-५५२१६१९
इमेल: pmamp.pmu@gmail.con
वेभसाइट: www.pmamp.gov.np

प.सं. : २०७९/८०(प्र.शा.)
च.नं. : 3289

मितिः २०७९/१२/२६

विषयः- परिपत्र ।

श्री परियोजना कार्यान्वयन एकाइ (५८ वटा),

उपरोक्त सम्बन्धमा तहाँ परियोजना कार्यान्वयन एकाइहरुबाट वितरण भएका अनुदानहरुको सम्बन्धमा समय-समयमा विभिन्न निकाय तथा पत्रपत्रिकाहरुमा समेत चासो व्यक्त गरिएको सन्दर्भमा परियोजनाको लक्ष्य प्राप्ति र अनुदानको सही सदुपयोग भई राष्ट्रिय कृषि उत्पादनमा सकरात्मक प्रभाव पार्नका लागि प्रचलित ऐन, नियमावली, मापदण्ड र कार्यविधिहरुको अक्षरशः पालनाका साथै आगामी दिनमा प्रदान गरिने अनुदान भुक्तानीको सम्झौता गर्दा तपसिल अनुसार गर्न/गराउन अनुरोध छ ।
तपसिलः-

१. परियोजनाबाट अनुदान प्रदान गर्दा निम्न विषयहरुलाई सम्झौतामा उल्लेख गर्नुपर्नेछः-
   १.१ परियोजनाबाट अनुदान प्राप्त हुने कृषि सामाग्रीहरु तथा त्यसका कुनै पनि पार्टपुर्जाहरु सम्बन्धित सामाग्री तथा पार्टपुर्जाहरुको आयु अवधिभर बेच्न वा कुनै पनि किसिमले हक/स्वामित्व हस्तान्तरण गर्न पाइने छैन ।
   १.२ अनुदानमा प्राप्त त्यस्ता सामाग्री तथा पार्टपुर्जाहरु स्थानान्तरण गर्न पाइने छैन । काबु बाहिरको परिस्थितिमा स्थानान्तरण गर्नै पर्ने भए उपयुक्त कारणसहित कार्यालयको अनिवार्य लिखित सहमति लिनुपर्ने छ ।
   १.३ अनुदानमा प्राप्त सामाग्री तथा संरचनाहरुलाई जुन प्रयोजनको लागि अनुदान प्राप्त भएको हो, सो बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइनेछैन । प्राविधिक जाँचका आधारमा अन्य प्रयोजनका लागि समेत प्रयोग गर्न पाइने वा सकिने रहेछ भने कार्यालयको लिखित पूर्वस्वीकृति लिनु पर्नेछ ।
   १.४ सानातिना खराबीको कारण देखाई अनुदान प्राप्त मेशीनरी सामाग्रीहरुलाई सञ्चालन नगरी राख्न पाइने छैन।
   १.५ अनुदानबाट प्राप्त त्यस्ता मेशीनरी वा संरचनालाई अनुदानग्राहीले विवरणसहित आफ्नो जिन्सी श्रेस्तामा आम्दानी बाँधी त्यसको प्रमाणित प्रति कार्यालयमा पठाउनुपर्नेछ ।
   १.६ अनुदानग्राहीले अनुदान प्राप्त गरेको स्थानमा आवश्यक विवरणसहितको स्थायी साइनबोर्ड राख्नुपर्नेछ ।
   १.७ माथिका कुनै पनि बुँदाको बर्खिलाप हुने कार्य गरे/गराइएको पाइएमा अनुदान दुरुपयोग गरेको मानी सरकारी सम्पत्ती हानी/नोक्सानी सरह कारबाही चलाउन सकिनेछ ।
२. कुनै पनि मेशीनरी सामग्रीमा अनुदान उपलब्ध गराउनुपूर्व त्यहाँको भूगोल, माटोको अवस्था, खेती प्रणाली आदिको आधारमा आवश्यकता र उपयुक्तता विश्लेषणसहित पूर्वमूल्याङ्कन गरिएको हुनुपर्नेछ । साथै विद्युतबाट चल्ने मेशीनरी सामग्रीमा अनुदान उपलब्ध गराउनुपूर्व प्रस्तावित स्थानमा विद्युत सेवा पुगे/नपुगेको, पुगेको भए भोल्टेजको अवस्था लगायत प्राविधिकरुपमा त्यस्ता मेशीनरीको उपयुक्तताको बारेमा पूर्वमूल्याङ्कन गर्नुपर्नेछ ।
३. यस परियोजनाबाट अनुदान प्राप्त गर्न चाहने कृषि उद्यमीले आफ्नै घर तथा जग्गा उपलब्ध गराउने भएमा सो घर तथा जग्गा कम्तीमा १० वर्षको लागि बेचबिखन वा कुनै पनि किसिमले हक/स्वामित्व हस्तान्तरण नगर्ने/नगराउने भनी स्वघोषणा



निमित्त, परियोजना निर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना व्यवस्थापन इकाई
खुमलटार, ललितपुर

फोन नं.: ०१-५५२०३४६
०१-५५२१६१९
इमेल:pmamp.pmu@gmail.con
वेभसाइट: www.pmamp.gov.np

गराउनु पर्नेछ । भाडा वा लिजमा लिएको भए कम्तीमा १० वर्षको लागि सो घर वा जग्गालाई अन्य फरक प्रयोजनमा प्रयोग नगर्ने/नगराउने भनी घर/जग्गाधनीबाट स्वघोषणा गराउनु पर्नेछ ।

४. कुनै पनि किसिमको मेशिनरी सामाग्रीमा अनुदान प्रदान गर्नुपूर्व अनुदानग्राहीलाई सो मेशीनरी सञ्चालन र सामान्य मर्मत सम्भारको तालिम अनिवार्य गराउनु पर्नेछ र त्यस्तो तालिम नलिएका निवेदकलाई मेशीनरीमा अनुदान उपलब्ध गराउन पाइने छैन ।

५. हरेक वर्ष कार्यालयबाट प्रदान गरिएको अनुदानको अभिलेख कार्यालयमा सुरक्षित राख्नु पर्नेछ । अद्यावधिक अभिलेख नभए तुरुन्त तयार गरी परियोजना व्यवस्थापन एकाइमा जानकारी गराउनुपर्नेछ ।

६. हरेक वर्ष प्रदान गरिएका अनुदानको विवरण बमोजिम कार्यालयबाट अनुगमन गरी त्यसको अद्यावधिक अवस्थाको अनुगमन प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नेछ । प्रतिवेदनमा अनुदानग्राहीले जिन्सी श्रेस्तामा आम्दानी बाँधेको/नबाँधेको र बाँधेको भए सही विवरण उल्लेख भएको/नभएको र नबाँधेको भए आम्दानी नबाँध्नुको स्पष्ट कारण समेत खुलाउनु पर्नेछ ।

७. प्रत्येक आर्थिक वर्षको अन्तिममा कार्यालयमा प्राप्त भएको अनुगमन प्रतिवेदनको छोटकरी सरांश र कार्यालयको रायसहितको संग्रहको एक प्रति परियोजना व्यवस्थापन एकाइमा पठाउनुपर्नेछ ।

..........................................
हिक्मत कुमार श्रेष्ठ
निमित्त परियोजना निर्देशक

निमित्त परियोजना निर्देशक